हिमा गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : ५ | संख्या : ५ | मिति : २०७७ |

भाग–२

हिमा गाउँपालिका

कालिकाखेतु, जुम्ला

कर्णाली प्रदेश, नेपाल

# पशुपन्छी स्वास्थ्य तथा पशुपन्छी सेवा कार्यविधि-२०७७

# पशुपन्छी स्वास्थ्य तथा पशुपन्छी सेवा कार्यविधि-२०७७

**प्रस्तावनाः-**

हिमा गाँउपालिकाको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपन्छी पालन सम्बन्धि उत्पादनको व्यवस्थापन, व्यवसायको प्रवर्द्धन र मानव समुदायको पौष्टिक आहार तथा स्वास्थ्यका दृष्टिकोणले समेत पशुपन्छी तथा पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी जन्य पदार्थबाट उत्पादित सामाग्रीको स्वच्छ रुपमा उत्पादन, प्रशोधन, ग्रेडिङ्ग, प्याकेजिङ्ग, बिकि वितरण, निकासि तथा पैठारी गर्न, मूल्य बृद्धि श्रृखला स्थापित गर्न पशुपन्छी स्वास्थ्य र स्थानिय प्रजातिको संरक्षण एवं प्रवर्द्धन गर्न तथा गाँउपालिका क्षेत्रलाई क्रमशः पशुपन्छी पालनमा आधुनिकिकरण र व्यवसायिकरण गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले, हिमा गाँउपालिकाको ८ औ गाँउसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन कार्यविधि, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाएको छ।

# परिच्छेद-१
# पारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यबिधिको नाम "पशुपन्छी स्वास्थ्य तथा पशुपन्छी सेवा कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

(३) यो कार्यविधि गाउँसभाले स्विकृति प्रदान गरेपश्चात् तुरुन्त लागू हुने छ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "पशुपन्छी" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर तथा पशुपन्क्षीलाई सम्झनु पर्छ र सो शब्दले माछालाई समेत जनाउँछ।

(ख) "पशुपन्छी जन्य प्रदार्थ" भन्नाले पशुपन्छीको मासु, रगत, बोसो, पित्त, दुध, फूल, हाड, छाला, सिङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौ, भूर्ण, वीर्य, ग्रन्थी, मल, मुत्र वा सोबाट बनाईएको अप्रशोधित वस्तु सम्झनु पर्छ।

(ग) "पशुपन्छी उत्पादन सामाग्रि" भन्नाले पशुपन्छी स्वास्थ्यमा कृतिम गर्भाधान वा जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामाग्री सम्झनु पर्छ।

(घ) "जैविक प्रदार्थ (वायोलोजिकल्स)" भन्नाले पशुपन्छी विकास वा पशुपन्छी स्वास्थ्यको लागि प्रयोग गरिने जिवाणु वा बिषाणु युक्त औषधि, खोप वा जैविक रसायन सम्झनु पर्छ।

(ङ) "क्वारेन्टाईन चेकपोष्ट" भन्नाले नेपाल सरकारले दफा ३ बमोजिम स्थापना गरेको पशुपन्छी क्वारेन्टाईन चेकपोष्ट यस सम्झनु पर्छ।

(च) "क्वारेन्टाईन" भन्नाले कुनै पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्रीमा कुनै रोग लागेको छ छैन भन्ने कुरा एकिन गर्न पशुपन्छी, पशुपन्छी जन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकै साथ वा छुट्टाछुट्टै राखे काम सम्झनु पर्छ।

(छ) "क्वारेन्टाईन अधिकृत" भन्नाले दफा ५ बमोजिम नियुक्त गरिएको क्वारेन्टाईन अधिकृत सम्झनु पछ।

(ज) "क्वारेन्टाईन स्थल" भन्नाले पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्रीलाई परीक्षणको लागि क्वारेन्टाईनमा राखिने ठाँउ सम्झनु पर्छ।

(झ) "संक्रामक रोग" भन्नाले अनुसूचिमा उल्लेखित रोगहरु र गाउँपालिकाले सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरुलाई समेत जनाउँछ।

(ञ) "विभाग" भन्नाले संघीय सरकार, पशुपन्छी सेवा विभाग सम्झनु पर्छ।

(ट) "कार्यालय प्रमुख" भन्नाले हिमा गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ।

(ठ) "भेटेरिनरी निरिक्षक" भन्नाले दफा २५ बमोजिम नियुक्ति गरिएको वा तोकिएको अधिकृत सम्झनु पर्छ।

(ड) "पैठारी कर्ता" भन्नाले गाउँपालिका बाहिरबाट पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री पैठारी गर्ने व्यक्ति सम्झनु पर्छ।

(ढ) "निकासी कर्ता" भन्नाले गाउँपालिकाबाट पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री निकासी गर्ने व्यक्ति सम्झनु पर्छ।

(ण) "तोकिएको" या "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तरर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२

## पशुपन्छी क्वारेन्टाइन सम्बन्धी व्यवस्था

३. **क्वारेन्टाइन चेकपोस्टको स्थापनाः** क्वारेन्टाइन चेकपोष्ट स्थापना संघिय/प्रादेशिक सरकार/गाउँपालिकाले तोके बमोजिम हुनेछ।

४. **क्वारेन्टाइन स्थल निर्माण गर्न सक्नेः** तोकिए बमोजिम हुने छ।

५. **क्यारेन्टाइन अधिकृतको नियुक्तिः** तोकिए बमोजिम हुनेछ।

६. **क्वारेन्टाइनमा राख्नु पर्नेः** तोकिए बमोजिम हुनेछ।

७. **प्रमाण पत्र दिनु पर्नेः** तोकिए बमोजिमको ढाँचामा क्वारेन्टाइन प्रमाण पत्र उपलब्ध गराउनु पर्ने छ।

८. **निकासी वा पैठारी गर्दा पालना गर्नु पर्ने शर्तः** निकासी वा पैठारी कर्ताले पशुपन्छी, पशुपन्छी जन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री पैठारी गुर्दा पालना गर्नु पर्ने सेवा शर्त तोकिए बमोजिम हुने छ।

९. **कवारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र पैठारी गर्नु पर्नेः** पैठारी कर्ताले पशुपन्छी, पशुपन्छी जन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र गर्नु गराउनु पर्नेछ।

१०. **पैठारी गर्न प्रतिबन्ध लगाउन सक्नेः** संघीय/प्रादेशिक सरकार/स्थानिय सरकारले तोकेको रोगाहरु भएको पशुपन्छी, पशुपन्छी जन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री पैठारी गर्न प्रतिबन्ध लगाउन सक्नेछ।

११. **प्रवेश गर्न रोक लगाउन सक्नेः** देहायका अवस्थामा क्यारेन्टाइन अधिकृतले पैठारी गरिएका पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्रीको प्रवेशमा रोक लगाउन सक्ने छ ।

(क) मैठारी गरिएका पशुपन्छी,पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री जुन ठाँउबाट न्याएको हो सो ठाँउमा संक्रामक रोगको प्रकोप भएको सूचना प्राप्त भएमा,

(ख) पैठारी कर्ताले पैठारी गर्ने पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्रीमा तोकिए बमोजिम संक्रामक रोग नभएको प्रमाणपत्र र स्वास्थ्यता सम्बन्धी प्रमाणपत्र उपलब्ध नगराएमा,

(ग) खण्ड (ख) बमोजिमको प्रमाणपत्र उपलब्ध नगराएको भएता पनि केही पशुपन्छीहरु संक्रामक रोग लागि मरेको पाइएमा,

(घ) पैठारी गरिएको पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री ल्याउनको निमित्त प्रयोग गरिएको सवारी साधनमा संक्रामक रोगको लसपस भएको पाईएमा,

**१२. आदेश दिन सक्नेः** कानुन बमोजिम/तोकिए बमोजिम हुने छ।

**१३. लिलाम गर्न सकिनेः** कानुन बमोजिम हुने छ।

**१४. हटाउने वा नष्ट गर्नेः** कानुन बमोजिम हुने छ।

**१५. पशुपन्छीहरूको ओसार पसार सम्बन्धी ब्यवस्थाः** तोकिए बमोजिम हुने छ।

## परिच्छेद-३

## पशुपन्छी नश्ल सुधार सम्बन्धी ब्यवस्था

### १६. सूचना जारी गर्न सक्नेः

(१) हिमा गाउँपालिकाभित्र रहेका कुनै जातका पशुपन्छीको वंश लोप हुनबाट बचाउन वा तिनिहरुको नश्ल सुधार गर्ने दृष्टिले नेपाल अधिराज्यको कुनै क्षेत्रमा सोही सूचनामा तोकेको जातको भाले जातको पशुपन्छी बाहेक अन्य भाले जातको पशुपन्छी खसि पारी राख्नु पर्ने गरी सूचना जारी गर्न सक्नेछ।

तर परम्परादेखि चलिआएको पूजा आजा वा धार्मिक अनुष्ठानका लागि नभईनहुने खसि नपारेको भाले पशुपन्छी पाल्नु पर्ने भएमा त्यस्तो पशुपन्छीलाई गर्भाधान गराउन नसक्ने गरी अलग्गै राख उपदफा (१) मा लखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम तोकिएको जात बाहेक अन्य भाले जातको पशुपन्छी पालेको पाईएमा कार्यालय प्रमुखले सम्बन्धित ब्यक्तिलाई त्यस्तो भाले पशुपन्छीलाई तत्कालै खसि पार्ने आदेश दिन सक्नेछ।

(३) हिमा गाउँपालिका क्षेत्रमा पशुपन्छीको बंसबिनास हुन नदिन तथा उत्पादन र उत्पादकत्वमा नकरात्मक प्रभाव पर्न नदिन पोथी (माउ) पशुपन्छी काटमार गर्न गाउँपालिकाले रोक लगाउन सक्नेछ।

# परिच्छेद-४

## उद्योग स्थापना तथा निकासी पैठारी सम्बन्धी व्यवस्था

**१७. उद्योग स्थापना गर्न सिफारीस पत्र लिनु पर्ने :** जैविक प्रदार्थ, चल्ला, माछाका भूर्रा उत्पादन गर्ने ह्याचरी वा पशुपन्छी दाना वा मासु प्रशोधन सम्बन्धि उद्योग स्थापना गर्न चाहने ब्यक्ति वा फार्मले गाँउपालिका बाट तोकिएको दस्तुर तिरी सिफारिस पत्र लिनु पर्नेछ।

**१५. निकासि वा पैठारी गर्न सिफारिस पत्र लिनु पर्नेः** जैविक प्रदार्थ, चल्ला वा माछाका भूरा वा पशुपन्छी दाना निकासि वा पैठारी गर्न चाहने ब्यक्ति वा फार्मले गाँउपालिकाबाट तोकिएको दस्तुर तिरी सिफारिस पत्र लिनु पर्नेछ।

**१९. अनुमति पत्र लिनु पर्नेः**

(१) जैविक प्रदार्थ, चल्ला माछाका भूरा बिकी वितरण वा मासु प्रशोधन गर्न चाहने ब्यक्ति वा फार्मले गाँउपालिकाबाट तोकिएको दस्तुर तिरी अनुमति पत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिकि बितरण गरिने जैविक प्रदार्थ, चल्ला, माछाका भूरा वा मासु प्रशोधनको गुणस्तर तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-५
## दण्ड सजाय र पुनरावेदन

**२०. दण्ड सजायः**

(१) दफा ९ को उल्लघंन गरी पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री पैठारी गर्ने व्यक्तिलाई पच्चिस हजार रुपैयाँसम्म जरीवाना हुनेछ र त्यसरी पैठारी गरिएका पशुपन्छी, पशुपन्छी जन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्रीमा संक्रामक रोग भएको पाइएमा दोब्बर जरीवाना हुनेछ।

(२) दफा १० उल्लंघन गर्ने ब्यक्तिलाई दश हजार रुपैयाँसम्म जरीवाना हुनेछ।

(३) दफा १२ को उपदफा (१) बमोजिम दिएको आदेश पालन नगर्ने व्यक्तिलाई पच्चिस हजार रुपैयाँसम्म जरीवाना हुनेछ।

(४) उपदफा (१), (२) र (३) मा लेखिएदेखि बाहेक यो कार्यविधि अन्तर्गत बनेका नियमावलीको उल्लंघन गर्ने ब्यक्तिलाई कसूरको मात्रा हेरी पाँच हजार रुपैयाँसम्म जरीवाना हुनेछ।

**२१. मुद्दाको तहकिकात र दायरीः** कानुन अनुसार हुनेछ।

**२२. मुद्दा हेर्ने अधिकारी :**

(१) दफा ९ अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस कार्यविधि अन्तर्गतको मुद्दा हेर्ने अधिकार कार्यालय प्रमुखलाई हुनेछ।

**२३. नेपाल सरकार वादी हुनेः** यस कार्यविधि अन्तर्गत को मुद्दा सरकारवादी हुनेछ।

**२४. पुनरावेदनः** दफा २२ को उपदफा (१) बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने ब्यक्तिले पैतिस दिन भित्र पुनरावेदन अदालत समक्ष र उपदफा (२) बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने ब्यक्तिले तोकिए बमोजिम पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-६
## विविध

**२५. पशुपन्छीको मूल्य निर्धारणः** गाउँपालिकाको आन्तरीक कामकाज तथा विविध कार्य सम्पादन प्रकृयाको प्रयोजनकालागी जिवित पशुपन्छीको औषत मूल्य देहाय बमोजिम हुनेछ।

**भैसी**

| | |
|---|---|
| (१) बयस्क भैसी | रु. १,००,०००। |
| (२) पाडा | रु. ३०,०००। |
| (३) पाडी | रु. ३०,०००। |
| (४) राँगो बयस्क | रु. ६०,०००। |

**गाई**

| | |
|---|---|
| (१) बयस्क गाई स्थानिय | रु. १५,०००। |
| (२) बाच्छा स्थानिय | रु. ८,०००। |
| (३) बाच्छी स्थानीय | रु. ५,०००। |
| (४) गोरु स्थानिय बयस्क | रु. २५,०००। |
| (५) बयस्क गाई कस( वर्णशंकर) | रु. ७०,०००। |
| (६) बाच्छा वर्णशंकर | रु. १०,०००। |
| (७) बाच्छी बर्णसंकर | रु. २०,०००। |
| (८) गोरु वर्णशकर | रु. २५,०००। |
| (९) वर्णशंकर साँढे | रु.५०.०००। |

**भेडा**

| | |
|---|---|
| (१) बयस्क भेडी | रु. १५,०००। |
| (२) बयस्क थुमा | रु. ४०,०००। |
| (३) बयस्क भेडा | रु. २०.०००। |
| (४) पाठा | रु. ५,०००। |
| (५) पाठी | रु. ४,०००। |

बाखा

| | |
|---|---|
| (१) बयस्क बाख्री | रु. १२,०००। |
| (२) बयस्क बोका | रु. २५,०००। |
| (३) बयस्क खसी | रु. २५.०००। |
| (४) पाठा | रु. ५,०००। |
| (५) पाठी | रु. ५,०००। |

**कुखुरा**

| | |
|---|---|
| स्थानिय भाले | रु. २,५००। |
| स्थानिय पोथी | रु. १,८००। |
| स्थानीय कुखुराका चल्ला | रु. ५००। |
| लेयर्स पोथी | रु १, ५००। |
| लेयर्स भाले | रु. २,०००। |
| लेयर्स चल्ला | रु. ३५०। |
| बोईलर प्रति के.जी. | रु.५००। |

**खरायो**

| | |
|---|---|
| भाले | रु. १,२००। |
| पोथि | रु. १,०००। |
| चल्ला | रु. ३००। |
| कुकुर भेडा हेर्ने | रु. २५,०००। |
| कुकुर सामान्य | रु. ५,०००। |
| घोडा | रु.५०,०००। |
| घोडि | रु. ४०,०००। |
| बछेरा | रु. १५,०००। |
| बछेरी | रु. १५,०००। |

अन्य पशुपन्छी जन्य पदार्थको मूल्य प्रचलिन बजार दरभाउका आधारमा निर्धारण गरिनेछ।

**भेटेरीनरी निरिक्षकको नियुक्ति :**

(१) संघिय कानुन/ प्रादेशिक कानुन/गाउँपालिकाको कानुनमा तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने भेटेरीनरी निरिक्षकहरुको काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**२६. अधिकार प्रत्यायोजनः तोकिए बमोजिम हुनेछ।**

**२७. पशुपन्छी प्रति निर्दयी व्यवहार गर्न रोक लगाउन सक्नेः** पशुपन्छी प्रति हुने निर्दयी व्यवहार रोक्नको लागि गाँउ कार्यपालिकाले एउटा समिति गठन गर्न सक्नेछ र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार सोहि गाँउ कार्य पालिकाले तोकिदिए बमोजिम हुनेछ।

**२८. जाँचबुझ गर्न सक्नेः**

(१) कार्यालय प्रमुखलाई कुनै पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्रीमा संक्रामक रोग लागेको छ भन्ने शंका लागेमा त्यस्तो पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री रहेको जुनसुकै स्थानमा प्रवेश गरी जाँचबुझ गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पशुपन्छी पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्रीको जाँच बुझ गर्दा दफा १० बमोजिम गाँउपालिकाले तोकेका रोगहरु लागेको पाईएमा कार्यालय प्रमुखले त्यस्तो पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्रिलाई हटाउन वा नष्ट गर्न आदेश दिनेछ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित धनीले पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री नहटाएमा वा नष्ट नगरेमा शाखा प्रमुख आफैले त्यस्तो पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री हटाउन वा नष्ट गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री हटाउदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित धनीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

२९. **नष्ट गर्ने कार्यविधिः** यस ऐन बमोजिम मृत पशुपन्छी, पशुपन्छीजन्य प्रदार्थ वा पशुपन्छी उत्पादन सामाग्री नष्ट गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

३०. **बाधा नहुने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै प्रशोधित पशुपन्छी जन्य प्रदार्थमा संक्रामक रोग लागेको आशंका भएमा त्यस्तो प्रशोधित पशुपन्दीजन्य प्रदार्थलाई क्वारेन्टाईनमा राखि परीक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन।

३१. **अनुसूचिमा हेरफेर तथा थपघट गर्ने अधिकार** : हिमा गाउँपालिकाको सभाले अनुसूचिमा आवश्यकतानुसार हरफेर तथा थपघट गर्न सक्नेछ।

३२. **प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा उलेखित कानुनि प्राब्धानहरुमा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम लागु हुनेछ।

३३. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नीति नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

३४. **ऐनः** यो ऐन संधिय/प्रादेशिक ऐनसँग बाझिएमा बाझिएको हदसम्म खारेज हुने छन।

३५. **खारेजी र बचाउ** : यस ऐनको उद्देश्य तथा विषयगत क्षेत्रमा प्रचलिल नेपालको ऐन कानुन बमोजिम र यस अधि भएका कार्यहरु यसै ऐन वमोजिम ब्यबस्थित भएको मानिनेछ।

# अनुसूचि

## (दफा २ को खण्ड (झ) सँग सम्बन्धित)

१. ए ०१० फूट एण्ड माउथ डिजिज (एफ.एम.डी.)

२. ए ०११ एफ.एम.डि. भाईरस ओ.

३. ए ०१२ एफ.एम.डि. भाईरस ए.

४. ए ०१३ एफ.एम.डि. भाईरस सी.

५. ए ०१४ एफ.एम.डि. भाईरस एस.ए.टी. १

६. ए ०१५ एफ.एम.डि. भाईरस एस.ए.टी. २

७. ए ०१६ एफ.एम.डि. भाईरस एस.ए.टी. ३

८. ए ०१७ एफ.एम.डि. भाईरस एसिया १

९. ए ०१८ एफ.एम.डि. भाईरस प्रकार नदिएको

१०. ए ०२० भेसिकुलर स्टोमेटाइटिस (भी.एस.)

११. ए ०२१ भी.एस. भाईरस इण्डियाना

१२. ए ०२२ भी.एस. भाइरस न्यूजर्सी

१३. ए ०२३ भी.एस. भाइरस प्रकार नदिएको

१४. ए ०३० स्वाइन भेसिकुलर डिजिज्

१५. ए ०४० रिण्डरपेष्ट

१६. ए ०५० पेष्टिस डेस पेटिटिस रुमिनान्ट्स

१७. ए ०६० कन्टाजियस वोभाईन प्ल्यूरोन्यूमोनिया

१८. ए ०७० लम्पी स्कीन डिजिज्

१९. ए ०८० रिफट भ्याली फिभर

२०. ए ०९० ब्ल्यू टङ्ग

२१. ए १०० सीप पक्स एण्ड गोट पक्स

२२. ए ११० अफ्रिकन हर्स सिक्नेस

२३. ए १२० अफ्रिकन स्वाईन फिभर

२४. ए १३० अक क्लेरा

२५. ए १४० फाउल प्लेग

२६. ए १६० न्यू क्यासल डिजिज

## मल्टिपल स्पेसिस डिजिज

२७. बी ०५१ एन्थ्राक्स्

२८. बी ०५२ एजोकाईज डिजिज

२९. बी ०५२ इकाइनोकोकोसिस/हाइड्रेटिडोसिस्

३०. बी ०५५ हर्टवाटर

३१. बी ०५६ लेप्टोस्पाइरोसिस्

३२. बी ०५७ क्यू फिवर

३३. बी ०५८ रेविज

३४. बी ०५९ प्याराट्यूवरक्लोसिस्

३५. बी ०६० स्क्रीउ वर्म (कोक्लियोमिया होमिनोभोरस)

## क्याटल डिजिज

३६. बी १०१ एनाप्लाज्मोसिस्

३७. बी १०२ ववेसियोसिस्

३८. बी १०३ वोभाइन ब्रुसेल्लोसिस् (वी.एवोट्र्स)

३९. बी १०४ वोभाइन जेनाइटल क्याम्पाइलो ब्यबक्टेसियोसिस

४०. बी १०५ वोभाइन ट्थूवरक्लोसिस् (माइको ब्याक्टोरियम वोभिस)

४१. बी १०६ सिस्टीसर्कोसस् (सि. वोभिस)

४२. बी १०७ डम्याटोफिलोसिस्

४३. बी १०८ इन्जुटिक वोभाइन ल्यूकोसिस्

४४. बी १०९ हयामोरहेजिक सेप्टीसेमिया

४५. बी ११० इन्फेक्सियस वोभाइन राइनोकाइटिस्

४६. बी १११ थेलेरियोसिस्

४७. बी ११२ ट्राइको मोनियोसिस्

४८. बी. ११३ टाइपानोसोमियासिस्

४९. बी ११४ वोभाइन म्यालिग्न्यान्ट क्यारहल

५०. बी ११५ वोभाइन स्पोन्जिफर्मिइन्सेफालोप्याथी

## सीप एण्ड गोट डिजिज्

५१. बी १५१ ब्रुसेल्लोसिस् ओभिस इन्फेक्सन

५२. बी १५२ क्याप्राइन एण्ड ओभाइन ब्रुसेल्लोसिस् (बी. मेलिटेन्सिस)

५३. बी १५३ क्याप्राइन अथ्रराराइटिस्/इन्सेफलाइटिस

५४. बी १५४ कन्टाजियस एगालेक्सिया

५५. बी ११५ कन्टाजियस क्याप्राइन प्लुरोन्यूमोनिया

५६. बी १५६ इन्जटिक एर्वोसन अफ इयुज

५७. बी १५७ पल्मोनरी एडिनोमेटोसिस

५८. बी १५८ नैरोबी सीप डिजिज

५९. बी १५९ साल्मोनेल्लोसिस् (एस. एवोर्टस ओभिस)

६०. बी १६० स्क्रेपी

६१. बी १६१ माएदी भिस्ना :

## हर्स डिजिज

६२. बी २०१ कन्टाजियस् इक्वाइन मेट्राइटिस्

६३. बी २०२ डुराइन

६४. बी २०३ इपिजुटिक लिम्फेन्जाइटिस्

६५. बी २०४ इक्वाइन इन्सेफालोमाईलाईट्स

६६. बी २०५ इक्बाइन इन्फेक्सिइस् एनिमिया

६७. बी २०६ इक्वाइन इन्फ्लूएन्जा (भाइरस टाइप ए)

६८. बी २०७ इक्वाइन पाइरोप्लाज्मोसिस् (बबेसियोसिस)

६९. बी २०८ इक्वाइन राइनोन्यूमोनाइटिस्

७०. बी २०९ ग्ल्यान्डर्स ७१. बी २१० हर्स पक्स

७१. बी २११ इन्फेंक्सिएस आर्थराइटिस् अफ हर्स

७.२.बी २१२ जापनिज इन्सेफलाइटिस्

७३. बी २१३ हर्स मेन्ज

७४. बी २१५ सर्रा

७५. बी २१६ भेनेजुएला इक्वाइन इन्सेफालोमाइलिटिस्

## पीग डिजिज

७७. बी २५१ एट्रोफिक सइनाइटिस

७८. बी २५२ सिस्टीसर्कोसिस् (सि.सेलुलोसा)

७९. बी २५३ पोर्साइन ब्रसेलोसिस् (बि. सूइस)

८०. बी २५४ ट्रान्समिसिवल ग्यास्ट्रोइनेराइटिस अफ पिग

८१. बी २५५ ट्राइकिनेलोसिस्

८२. बी २५६ इन्टेरोभाइरस इन्सेफालोमाइलाइटिस्

८३. बी २५७ पोर्साइन रिप्रोडक्टिभ एण्ड रेस्पिर्याटोरि सिन्ड्रोम

## पोल्ट्री डिजिज

८४. बी ३०१ एभिएन इन्फेक्सिएस् ब्रोनकाइटिस्

८५. बी ३०२ एभिएन इन्फेक्सिएस् ल्यारिन्जोटेकाइटिस्

८६. बी ३०३ एभिएन ट्यूवरक्लोसिस्

८७. बी ३०४ डक भाइरस हेपाटाएटिस्

८८. बी ३०५ डक भाइरस इन्टेराइटिस् (डग प्लेग)

८९. बी ३०६ फाउल क्लेरा

९०. बी ३०७ फाउल पक्स

९१. बी ३०८ फाउल टाइफाइट (एस.ग्यालिनेरम)

९२. बी ३०९ इन्फेक्सिएस ब्रर्सल डिजिज् (गम्बोरो डिजिज)

९३. बी ३१० मेरेक्स डिजिज्

९४. बी ३११ माइकोप्लाज्मोसिस् (एम. ग्यालिसेप्टिकम)

९५. बी ३१२ सिटाकोसिस् एण्ड ओर्निथोसिस् डिजिज्

९६. बी ३१३ पूल्लोरम डिजिज् (एस.पूल्लोरम)

## डिजिज् अफ अदर एनिमल

९७. ५०१ लेस्मानिएसिस

## मल्टिपल स्पेसीज डिजिज

९८. सी ६११ लिस्टेरियोसिस् !

९९. सी ६१२ टक्सोप्लाज्मोसिस्

१००. सी ६१३ मेलिओडोसिस्

१०१. सी ६१४ ब्लाक्लेग

१०२. सी ६१५ बाटूलिज्म

१०३. सी ६१६ अदर क्लोस्टेडियल इन्फेक्सन्स्

१०४. सी ६१७ अदर पास्चुरेल्लोसिस्

१०५. सी ६१८ एक्टिनोमाइकोसिस्

१०६. सी ६१९ इन्टेस्टिनल साल्मोनेल्ला इन्फेक्सन्स्

१०७. सी ६२० कक्सिडियोसिस्

१०८. सी ६२१ डिस्टोम्याटोसिस् (लिभर फ्लूक)

१०९. सी ६२२ फिलारियासिस्

## क्याटल डिजिज

११०. सी ६५२ म्यूकोसल डिजिज्- बोभाइन भाइरल डाईरीया

१११. सी ६५३ भिब्रियोनिक डिसेन्ट्री

११२. सी ६५४ बार्वल इन्फेस्टेसन

## सीप एण्ड गोट डिजिज्

११३. सी ७०१ कन्टाजियस पास्चुरल डर्माटाइटिस्

११४. सी ७०२ फूट रट

११५. सी ७०३ कन्टाजियस ओप्थालमिया

११६. सी ७०४ इन्टेरोटक्सिमिया

११७. सी ७०५ केजियस लिम्फेन्डिनाइटिस्

११८. सी ७०६ सीप मेन्ज

## डिजिज् अफ अदर एनिमल्स

११९. सी ७५१ इक्वाइन क्याटल एक्जेन्थेमा

१२०. सी ७५२ अल्सरेटिफ लेम्फेन्जाइटिस्

१२१. सी ७५३ स्टेन्गल्स्

१२२. सी ७५४ साल्मोनेल्लोसिस् (एस. एर्वोटस् इक्वाइन)

## पीग डिजिज्

१२३. सी ८०१ स्वाइन इरिसेपलरस्

## पोल्ट्री डिजिज्

१२४. सी ८५१ इन्फेक्सियस् कोराइजा

१२५. सी ८५३ एभिएन इन्सेफालोमाइलाइटिस्

१२६. सी ८५४ एभिएन स्पाइरोकिटोसिस्

१२७. सी ८५५ एभिएन साल्मोनेलोसिस्

१२८. सि ८५६ एभिएन लूइकोसिस्

## डग एण्ड क्याट डिजिज

१२९. सी ९२१ क्यानाइन डिस्टेम्पर